# ...............टोल सुधार तथा सरसफाई समितिको विधान, २०७.... (मस्यौदा)

प्रमाणिकरण मिति : २०७५/०१/८

**प्रस्तावना :**

.............टोलको समग्र विकासमा टोलवासीको सहभागिता एवं अग्रसरता अभिवृद्धि गर्न व्यवस्थापन गर्न योग्य एकाई बनाई यस क्षेत्रको सरसफाई व्यवस्थित गर्ने, टोलभित्र सञ्चालन हुने विभिन्न जात्रा, पर्व, महोत्सव आदिलाई व्यवस्थित र मर्यादित बनाउने, हरियाली तथा वातावरण संरक्षण गर्ने, आय आर्जनका अवसर सिर्जना गर्ने, विपद् व्यवस्थापन कार्यमा जनसहभागिता जुटाउने आदि जस्ता सामुहिक कार्य गर्न तथा नगरपालिकाको योजना तर्जुमा गर्ने कार्यमा नगरपालिकालाई सहयोग पुऱ्याउन ........................टोल सुधार तथा सरसफाई समिति स्थापना गरी सञ्चालन गर्न वान्छनीय भएकोले यो विधान वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विधानको नाम " ......................टोल सुधार तथा सरसफाई समितिको विधान" २०७.......हुनेछ ।

(२) यो संस्थाको नाम ..................टोल सुधार तथा सरसफाई समिति हुनेछ ।

(३) यो विधान ................... .................टोल सुधार तथा सरसफाई समितिको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(४) यस संस्थाको कार्यालय .............................मा रहने छ ।

(५) यस संस्थाको कार्यक्षेत्र भीमेश्वर नगरपालिका वार्ड नं. ...., ...... टोलको पूर्व....................पश्चिम........... ........ र उत्तर ................दक्षिण....................को क्षेत्र भित्र हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) "अध्यक्ष" भन्नाले संस्थाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकि गठन गरिएको उपसमितिलाई सम्झनुपर्छ ।

(ग) "कार्यमुलक समुह" भन्नाले साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समुह वा संस्था भित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरुलाई सम्झनुपर्छ ।

(घ) "कोषाध्यक्ष" भन्नाले संस्थाको कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुटाछुट्टै वैठक सम्झनु पर्छ ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्नेछ ।

(छ) "सचिव" भन्नाले संस्थाको सचिवलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले टोल सुधार तथा सरसफाइ समितिको कार्य समितिलाई सम्झनु पर्छ ।

(झ) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरु भेला भई सञ्चालन गरेको साधारण सभा सम्झनुपर्छ ।

(ञ) "संस्था" भन्नाले.........................टोल सुधार तथा सरसफाई समितिलाई सम्झनुपर्छ ।

३. **संगठित संस्था हुने :** (१) संस्था एक संगठित संस्था हुनेछ ।

(२) संस्था सम्बन्धी अन्य व्यवस्था देहाय अनुसार हुनेछ ।

(क) संस्थाको आफनै छुट्टै छाप हुनेछ । सो छाप कार्यमूलक समुह तथा उपसमितिहरुले आ-आफनो नाम राखी प्रयोग गर्न पाउने छन् ।
(ख) संस्था तथा कार्यमूलक समुहले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न वा कुनै प्रकारको वन्दोवस्त गर्न सक्ने छ । तर बेचबिखन गर्न पाउने छैन ।
(ग) संस्था वा कार्यमूलक उपभोक्ता समुहले व्यक्ति सरह आ आफनो नामबाट नालिस उजुर गर्न सक्ने छन् ।

## परिच्छेद २
## संस्थाका गठन, उदेश्य तथा कार्यहरु

४. **संस्था गठन :** संस्थाको गठन देहाय बमोजिम हुनेछ ।
क) टोलभित्र रहेका घरधुरीहरुको भेलाको निर्णयले संस्थाको गठन गर्नेछ ।
ख) संस्थामा दफा ८ को खण्ड (क) वमोजिमको भेलाले एक अध्यक्ष एक कोषाध्यक्ष र एक सचिव छनौट गर्नेछ ।
ग) संस्थाका सबै सदस्यहरु पदेन सदस्य रहने छन् ।
घ) अध्यक्ष, सचिव तथा कोषाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।

५. **संस्थाको उदेश्य :** संस्थाका उद्देश्यहरु देहाय वमोजिम हुनेछन् ।
क) आफ्नो टोललाई सफा, हराभरा तथा आकर्षक बनाउने,
ख) टोलको विकास निर्माणमा आवश्यक सहयोग जुटाउने,
ग) नगरपालिकाद्वारा सञ्चालन गरिने लागत सहभागिताका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्ने,
घ) टोलभित्र पार्किङ्ग व्यवस्थापन एवं अन्य सार्वजनिक मापदण्डको कार्यान्वयनमा नगरपालिकालाई सहयोग पुर्‍याउने,
ङ) टोलभित्र आवश्यक पर्ने सामाजिक सुधारका कार्यक्रम सञ्चालन गर्ने,
च) टोलबासी बीच सामुहिकता एवं सहकारिताको भावना विकास गराउने,
छ) टोलावासीको आयमा वृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
ज) संस्थालाई नगरपालिकाको सवभन्दा तल्लो एकाईको रुपमा स्थापित गराई नगरपालिकाको योजना तर्जुमा एवं अनुगमन तथा मूल्यांकन प्रक्रियामा सक्रिय सहभागी गराउने ।
झ) टोलस्तरमा प्रयोग भएका वाटो, मठ-मन्दिरको निर्माण तथा मर्मत संभार गरी टोललाई सभ्य समाजको रुपमा विकास गर्ने ।
ञ) टोलभित्र रहेका मठमन्दिर तथा अन्य सार्वजनिक सम्पतिको संरक्षण गर्ने ।

६. **संस्थाका कार्यहरु :** संस्थाका कार्यहरु देहाय वमोजिम हुनेछन् ।
क) टोलका सबै घरपरिवारबाट सदस्य बनाई टोल सुधारमा परिचालन गर्ने,
ख) सदस्यहरुबाट नियमित रुपमा वचत संकलन तथा परिचालन गर्ने,

ग) संस्थाका सदस्यहरुलाई उद्यमशिलतातर्फ अग्रसर गराउन आवश्यक सीप र दक्षता अभिवृद्धि हुने खालको तालिम सञ्चालन गर्ने,
घ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न आपसी सहयोग जुटाउने,
ङ) संस्थाको उद्देश्य पुरा गर्न आवश्यक पर्ने अन्य कार्यहरु गर्ने,
च) संस्थाको उद्देश्यमा सहयोगी हुने कार्यहरुमा नगरपालिकाद्वारा जिम्मेवारी दिए अनुरुपका कार्यहरु गर्ने ।

## परिच्छेद ३
## संस्थाको सदस्यता एंव कार्य सञ्चालन विधि

७. **संस्थाको सदस्यता :** (१) यस विधानको उदेश्य वमोजिम सदस्य हुन चाहने टोलवासी संस्थाको सदस्य हुन सक्नेछन् ।
(२) संस्थाले टोलभित्र रहेका प्रत्येक घरबाट कम्तिमा एक जनालाई सदस्य बनाउन पहल गर्नु पर्नेछ ।

(३) संस्थाको साधारण सभाले तोकेको सदस्यता शुल्क तिरी टोलबासीले संस्थाको सदस्यता लिन सक्नेछन् ।

**८. सदस्यता नरहने :** देहायको अवस्थामा संस्थाको सदस्यता लिएका व्यक्तिको सदस्यता समाप्त हुनेछ ।

क) सदस्यको मृत्यु भएमा,

ख) सदस्यले सदस्यता परित्यागको लागि दिएको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

ग) सदस्यले सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेको वा सस्थालाई हानि नोक्सानी हुने कुनै कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाइएमा साधारण सभाले निर्णय गरी सदस्यता खारेज गरेमा, तर त्यसरी सदस्यता खारेज गर्नु अघि सदस्यलाई सफाइको मौका दिईने छ ।

**९. अध्यक्षको काम कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) संस्थाको वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने,

ख) छलफल हुदा सवैको विचार संकलन गरी सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

ग) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

घ) निर्णयको माइन्यूट तयार गर्न लगाउने ।

ङ) संस्थाको उद्देश्य पूर्तिका लागि अन्य निकायसंग समन्वय राख्ने,

च) नगरपालिकाको लागत साझेदारीको योजनालाई टोलको हितमा परिचालन गर्न स्रोत जुटाउन संस्थालाई परिचालन गर्ने ।

छ) संस्थाको उद्देश्य प्राप्तिका लागि समन्वय तथा परिचालन गर्ने ।

**१०. सचिवको काम कर्तव्य र अधिकार :** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) अध्यक्षको आदेश अनुसार वैठक वोलाउने,

ख) अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने,

ग) एकतिहाई सदस्यहरुले विशेष वैठकका लागि लिखित माग गरेमा विशेष वैठक वोलाउने,

घ) वैठक पुस्तिकामा गरिएका निर्णयहरु प्रमाणित गर्ने ।

ङ) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने,

च) वैठकको निर्णय तयार गरी सदस्यहरुको हस्ताक्षर गराउने,

छ) संस्थाको क्रियाकलापका वारेमा सदस्यलाई जानकारी गराउने ।

**११. कोषाध्यक्षको काम कर्तव्य र अधिकार :** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) संस्थालाई प्राप्त रकम संस्थाको निर्णयअनुसार नजिकको वैकको खातामा जम्मा गरी गराई हिसाब किताब दुरुस्त राख्ने ।

ख) संस्थाको आय व्ययको अभिलेख राख्ने ।

ग) संस्थाको लेखापरिक्षण गराउने ।

घ) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**१२. सदस्यको काम कर्तव्य र अधिकार :** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) वैठकमा उपस्थित भै संस्थाको वार्षिक कृयाकलाप निर्धारण गर्ने भाग लिने ।

ख) नगरपालिकाको टोल बस्तिस्तरीय योजना तर्जुमा कार्यमा सकृय सहभागी भई टोल वस्तीका लागि आवश्यक योजना पहिचानमा सहयोग पुऱ्याउने ।

ग) नगरपालिकाबाट पारित सार्वजनिक नीति तथा मापदण्डको पालना गराउनमा सहयोग पुऱ्याउने,

घ) नगरपालिकाले सञ्चालन गर्ने लागत साझेदारीको योजनालाई टोलको हितमा परिचालन गर्न आवश्यक स्रोत जुटाउन सहयोग गर्ने ।

**१३. संस्थाको बैंक खाता संचालन :** (१) संस्थाको बैंक खाताको सञ्चालन सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) संस्थाको आय व्यय विवरण संस्थाको बैठक तथा साधारण सभामा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ४
## संस्थाको बैठक र कार्यप्रणाली

**१४. साधारण सभाको गठन :** (१) संस्थाको सम्पूर्ण सदस्य र सल्लाहकार समेत रहेको एक साधारण सभा हुनेछ ।

(२) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ ।

(३) अध्यक्षको अनुपस्थितिमा संस्थाको सचिव र अध्यक्ष र सचिव दुवैको अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(४) संस्थाको साधारण सभा सामान्यतया वर्षको एक पटक हुनेछ ।
तर संस्थाका एक तिहाई सदस्यले साधारण सभा बोलाउन आवश्यक रहेको लिखित जानकारी दिएमा जुनसुकै वखत पनि साधारण सभा बोलाउन सकिनेछ ।

(५) साधरण सभा संस्थाको सवोच्च निकाय हुनेछ ।

**१५. साधारण सभाको काम कर्तव्य  र अधिकार :** साधारण सभाको काम कर्तव्य  र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संस्थाको वार्षिक कार्यक्रम निर्धारण गर्ने,
(ख) लेखापरिक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने,
(ग) संस्थाको हिसाव विवरण र लेखापरिक्षकको प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्णय लिने,
(घ) आवश्यकता अनुसार संस्थाको विधान संशोधन गर्ने,
(ङ) आवश्यकता अनुसार संस्थाको अध्यक्षलाई अख्तियार प्रत्यायोजन गर्ने,
(च) आवश्यकतानुसार सल्लाहकारको मनोनयन गर्ने ।

**१६. संस्थाको आर्थिक स्रोत :**  संस्थाको देहाय वमोजिमका आर्थिक स्रोत हुनेछन् ।

क) सदस्यताबाट प्राप्त शुल्क
ख) सरकारी तथा गैरसरकारी संस्थाबाट  प्राप्त सहायता वा अनुदान,
ग) दाताहरुबाट प्राप्त सहयोग,
घ) संस्थाको आयमूलक क्रियाकलापबाट प्राप्त आय वा पुरस्कार
ङ) अन्य आम्दानी

**१७. संस्थाको लेखापरीक्षण :** कोषाध्यक्षले प्रत्येक वर्षको श्रावण मसान्तसम्ममा संस्थाको आय व्ययको लेखा परीक्षण गराई संस्थाको बैठक तथा साधारणसभामा पेश गर्नु पर्नेछ ।

**१८. विधानको संशोधन तथा व्याख्या :** (१) संस्थाको कुनै सदस्यले संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी संशोधनका लागि साधारण सभामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको संशोधन साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई वहुमतले पारित गरेमा संशोधन भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम पारित भएको संशोधनलाई अध्यक्षले प्रमाणिकरण गर्नु पर्नेछ ।

(४) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारण सभामा निहित रहनेछ ।

**१९. राजिनामा तथा अन्तरिम व्यवस्था :**

(क) संस्थाको अध्यक्ष, सचिव तथा कोषाध्यक्षले पदबाट राजिनामा दिन चाहेमा कारण जनाई राजिनामा दिन सक्नेछन् ।

(ख) सचिव तथा कोषाध्यक्षले अध्यक्ष सामु र अध्यक्षले संस्थाको बैठक सामु आफ्नो पदबाट राजिनामा दिन सक्नेछन् ।

(ग) अध्यक्षको राजिनामा संस्थाको बैठकले र सचिव तथा कोषाध्यक्षको राजिनामा अध्यक्षले स्वीकृत गर्नेछ ।

(घ) अध्यक्ष, सचिव र कोषाध्यक्षको पद रिक्त भएको अवस्थामा साधारण सभा नहुन्जेल सम्मका लागि बैठकले कार्यवाहक अध्यक्ष, सचिव वा कोषाध्यक्ष नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद ५
## विविध

२०. **सर्वसम्मतिमा निर्णय गर्नु पर्ने :** संस्थाले सामान्यतया सर्वसम्मतिमा निर्णय गर्नु पर्नेछ । तर सर्वसम्मतिले निर्णय हुन नसकेको अवस्थामा बहुमतका आधारमा निर्णय गर्न बाधा पर्ने छैन ।

२१. **उपसमिति बनाउन सक्ने** : संस्थाको बैठकले संस्थाको उदेश्य पूर्तिका लागि आवश्यकता अनुसार उपसमिति गठन गरी कार्य जिम्मेवारी तोक्न सक्नेछ ।

२२. **नियम बनाउन सक्ने :** साधारण सभाले संस्थाको उदेश्य पूर्तिका लागि विधानको अधीनमा रहि नियम सक्नेछ ।